# रत्ननगर नगरपालिका
## नगर कार्यपालिकाको कार्यालय
रत्ननगर, चितवन
बागमती प्रदेश, नेपाल


पत्र संख्याः २०८१/८२ (कृषि)
सूचना नं.:

मितिः २०८१/०४/२२

**बालीबस्तुको बीमा र क्षति प्राविधिक प्रतिवेदन सम्बन्धी सूचना**
**सूचना प्रकाशित मितिः २०८१/०४/२२ गते मंगलबार**

प्रस्तुत विषयमा यस रत्ननगर नगरपालिका, चितवन भित्र कृषि तथा पशुपन्छी जन्य व्यवसाय संचालन गरेका कृषकहरुले आफ्नो बालीबस्तुको बीमा तथा क्षतिको प्राविधिक प्रतिवेदनका लागि तपशिलमा उल्लेख बमोजिमका आवश्यक कागजातहरु अनिवार्य पेश गरी निवेदन पेश गर्नुहुन यो सूचना प्रकाशन गरिएको व्यहोरा अनुरोध छ ।

..............................
सुकदेव लम्साल
प्रमुख प्रशासकीय अधिकृत

क. बालीबस्तुको प्राविधिक प्रतिवेदनको लागि आवश्यक कागजातहरु

(१) नेपाली नागरिकताको प्रमाण पत्रको प्रतिलिपि
(२) संस्थाको हकमा दर्ता प्रमाण पत्रको प्रतिलिपि
(३) स्थायी लेखा नम्बर PAN प्रमाण पत्रको प्रतिलिपि,
(४) गत आर्थिक बर्षको कर चुक्ता प्रमाण पत्रको प्रतिलिपि वा लेखा परिक्षणको प्रतिलिपि
(५) खेती गर्ने जग्गाको जग्गा धनी दर्ता प्रमाण पुर्जाको प्रतिलिपि वा कम्तिमा ५ बर्षको जग्गा भाडा (सम्बन्धीत वडाकार्यालयको रोहबरमा) गरिएको सम्झौता पत्रको प्रतिलिपि
(६) चालु आ.ब. मा खेती गरिएको जग्गाको भूमीकर बुझाएको प्रमाणको प्रतिलिपि
(७) सम्बन्धित वडा कार्यालयको खेती गरिएको प्रमाणित सिफारिस पत्र
(८) केरा खेतीको हकमा चितवन केरा संघको खेती गरिएको सिफारिस पत्र
(९) यस अघि बीमा गरिएको भए सो बालीबस्तुको बीमालेखको प्रतिलिपि

ख. बालीबस्तु क्षति प्राविधिक प्रतिवेदनको लागि आवश्यक कागजातहरु

(१) बीमित नेपाली नागरिकताको प्रमाण पत्रको प्रतिलिपि
(२) संस्थाको हकमा दर्ता प्रमाण पत्रको प्रतिलिपि
(३) स्थायी लेखा नम्बर PAN प्रमाण पत्रको प्रतिलिपि,
(४) गत आर्थिक बर्षको कर चुक्ता प्रमाण पत्रको प्रतिलिपि वा लेखा परिक्षणको प्रतिलिपि
(५) खेती गर्ने जग्गाको जग्गा धनी दर्ता प्रमाण पुर्जाको प्रतिलिपि वा कम्तिमा ५ बर्षको जग्गा भाडा (सम्बन्धीत वडाकार्यालयको रोहबरमा) गरिएको सम्झौता पत्रको प्रतिलिपि
(६) खेती गरिएको जग्गाको भूमीकर बुझाएको प्रमाणको प्रतिलिपि
(७) सम्बन्धित वडा कार्यालयको बालीबस्तु क्षति भएको प्रमाणित सिफारिस पत्र
(८) क्षतिको सर्जमिन मुचुल्काको प्रतिलिपि
(९) केरा क्षतिको हकमा चितवन केरा संघको सिफारिस पत्र
(१०) क्षति भएको बालीबस्तुको बीमालेखको प्रतिलिपि
(११) क्षति भएको बालीबस्तुको (पशुको हकमा संकेत पट्टा (ट्याग) देखिने गरि) रंगिन तस्बिर (कम्तीमा ४ दिशाबाट)
(१०) बीमक कम्पनी वा निजले तोकेको संस्थाबाट बालीबस्तु क्षति अनुगमनको प्रतिलिपि

नोटः यस पालिका भित्र खेती तथा पालन भएका वालीवस्तुको मात्र बीमा र क्षति प्राविधिक प्रतिवेदन उपलब्ध हुनेछ ।

२०८१/०४/२२


फोन नं.: ०५६-५६०५२९, ५६०५०६, फ्याक्स: ०५६-५६२४८७
E-mail: ratna.municipal@gmail.com, Website: www.ratnanagarmun.gov.np